राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १४१ २०८२ पुस ८ गते मंगलवार (23 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## मधेशमा जलवायु संकट

# आदिवासी र अपाङ्ग समुदाय बढी प्रभावित

दैनिक समाचारदाता

जनकपुरधाम, ७ पुस । मधेश प्रदेशमा जलवायु परिवर्तनको असर सबैभन्दा बढी दलित, आदिवासी-जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूमाथि परेको दाबी गरिएको छ ।

जनकपुरधाममा सोमबार मधेशी आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल र अपाङ्ग समाज जनकपुरको आयोजना तथा इन्सेक र कायापलटको सहकार्यमा कार्यक्रम आयोजनामा 'मधेश प्रदेशमा जलवायु परिवर्तनको असर आदिवासी र अपाङ्गता भएका व्यक्तिहरू' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी वक्ताहरूले बढ्दो तापक्रम, अनियमित वर्षा, बाढी, डुबान र खडेरीजस्ता समस्याले जनजीवन प्रभावित बनाउँदै जाँदा यसको सबैभन्दा ठूलो मार सामाजिक रूपमा पछाडि पारिएका समुदायमाथि परेको बताएका हुन् ।




अन्तरक्रियामा प्रस्तुत प्रतिवेदनअनुसार नेपालमा कुल जनसंख्याको २.२ प्रतिशत अर्थात् करिब साढे छ लाख व्यक्ति कुनै न कुनै प्रकारको अपाङ्गतासँग बाँचिरहेका छन् । अपाङ्गता समावेशीकरणसम्बन्धी विज्ञ कृष्ण गहतराजले अपाङ्गता भएका व्यक्तिप्रति अझै पनि सामाजिक, सांस्कृतिक तथा मूल्य(मान्यताविपरीत व्यवहार हुने गरेको उल्लेख गर्नुभयो । उहाँका अनुसार विश्वभर करिब आठ अर्ब अपाङ्गता भएका व्यक्ति विभिन्न रूपमा राज्य, समाज र जलवायु परिवर्तनको असरबाट उत्पीडित छन् । राज्यले हालसम्म उनीहरूलाई लक्षित स्पष्ट नीति तथा कार्यक्रम नल्याएको आरोप पनि उहाँले लगाउनुभयो ।

प्रतिवेदनमा मधेश प्रदेशको ठूलो जनसंख्या कृषि र प्राकृतिक स्रोतमा निर्भर रहेपनि पछिल्ला वर्षहरूमा मौसमको ढाँचा असन्तुलित बन्दा बाली उत्पादन घट्नु, पानीका स्रोत सुक्नु र जीविकोपार्जन संकटमा पर्न थालेको उल्लेख गरिएको छ । यसले परम्परागत रूपमा खेतीपाती र प्राकृतिक स्रोतमा आधारित जीवनयापन गर्दै आएका आदिवासी समुदायलाई प्रत्यक्ष असर पुऱ्याएको प्रतिवेदनमा उल्लेख छ ।

जलवायुजन्य विपद्का बेला अपाङ्गता भएका व्यक्तिहरू दोहोरो जोखिममा पर्ने गरेको पनि औंल्याइएको छ । बाढी, डुबान वा अत्यधिक गर्मीका समयमा सुरक्षित स्थानमा पुग्न कठिनाइ, चेतावनी सूचना पहुँचयोग्य नहुनु तथा आपतकालीन पूर्वाधार अपाङ्गमैत्री नहुनुले उनीहरूलाई थप असुरक्षित बनाएको प्रतिवेदनको निष्कर्ष छ । अन्तरक्रिया कार्यक्रममा मधेश प्रदेश सरकारअन्तर्गत खेलकुद तथा समाज कल्याण मन्त्रालयकी सामाजिक शाखा प्रमुख निर्मला मिश्रले राजनीतिक अस्थिरताका कारण कामकाज प्रभावित हुने गरेको बताउँदै आफूले सक्दो विषय मन्त्रालयमा

बाकी ३पृष्ठमा

# फागुन २१ को चुनाव तलमाथि भए देश अनिश्चयतिर जान्छ : राष्ट्रपति पौडेल

दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । राष्ट्रपति रामचन्द्र पौडेलले फागुन २१ गते तोकिएको निर्वाचन कुनै पनि बहानामा तलमाथि भए मुलुक अनिश्चयतिर धकेलिने चेतावनी दिएका छन्। उनले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्नु सबै नेपालीको साझा दायित्व भएको स्पष्ट पारे।



मानव अधिकार तथा शान्ति समाजको प्रतिनिधिमण्डलसँग सोमबार राष्ट्रपति कार्यालय महाराजगञ्जमा भएको भेटमा राष्ट्रपति पौडेलले अब मुलुकमा थप राजनीतिक खेलवाड सह्य नहुने बताए।

उनले भने, "फागुन २१ गतेको चुनाव तलमाथि भयो भने देश अनिश्चयतिर जान्छ। त्यसैले यो निर्वाचन सफल पार्नु सबै नेपालीको दायित्व हो। सरकार आफूलाई प्राप्त निश्चित समय पूरा गरेर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरी बिदा हुन्छ।"

भेटका क्रममा मानव अधिकार तथा शान्ति समाजले बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा लामो समयसम्म निर्दलीय सरकार रहिरहनु लोकतन्त्रको मूल मर्म र नागरिक सर्वोच्चताको विपरीत हुने धारणा राख्दै घोषित मितिमै निर्वाचन सम्पन्न भई लोकतन्त्र लयमा फर्किने विश्वास व्यक्त गरेको छ।

समाजका प्रतिनिधिहरूले २०८२ भदौ २३ गते जेनजीद्वारा आह्वान गरिएको प्रदर्शनका क्रममा भएको दमन र हत्यापछि उत्पन्न राजनीतिक रिक्ततामा राष्ट्रपति पौडेलले निर्वाह गरेको भूमिकाको प्रशंसा गरे। जटिल अवस्थालाई सामान्यीकरण गर्न राष्ट्रपतिको योगदान उल्लेखनीय रहेको उनीहरूको भनाइ थियो।

मानव अधिकार तथा शान्ति समाजकी सभापति रेनुका पौडेलका अनुसार भदौ २३ गतेको दमन र हत्यामा संलग्न जिम्मेवारमाथि हालसम्म कारबाही नभएको तथा भदौ २४ गतेको ध्वंसका सूत्रधार पहिचान हुन नसकेको अवस्थाप्रति प्रतिनिधिमण्डलले गम्भीर चिन्ता व्यक्त गरेको छ।

संक्रमणकाल लम्ब्याउने

बाकी ३पृष्ठमा

## सभामुख यादवद्वारा पदभार ग्रहण



दैनिक समाचारदाता

जनकपुरधाम, ७ पुस । मधेस प्रदेशसभाका नवनियुक्त सभामुख रामअशीष यादवले सोमवार पदभार ग्रहण गर्नु भएको छ । जनकपुरधामस्थित प्रदेशसभा कार्यालयमा पदभार ग्रहण गर्दै उहाँले आफू कुनै दलको प्रतिनिधि नभई सम्पूर्ण प्रदेशसभाको साझा अभिभावकका रूपमा निष्पक्ष भूमिका निर्वाह गर्ने बताउनु भयो । सभामुख यादवले राजनीतिक दलहरूबिच संवाद र सहकार्यलाई बढावा दिने समेत बताउनु भयो । "मतभेद स्वाभाविक हो । तर, सहकार्य अपरिहार्य छ", उहाँले भन्नु भयो । प्रदेशको हितका लागि सबै दलसँग समन्वय गर्दै अघि बढ्ने उहाँको भनाइ थियो ।

मधेशका मुद्दा समावेशिता, सुशासन, शिक्षा र स्वास्थ्यको पहुँच, रोजगारी सिर्जना र सीमावर्ती क्षेत्रका चुनौतीलाई संसदीय कार्यसूचीमा प्राथमिकताका साथ उठाइने उहाँले उल्लेख गर्नु भयो ।

## सिंहदरबारमा सर्वपक्षीय छलफल

# निर्वाचन समयमै हुनेमा नागरिक अगुवा सशंकित

दैनिक समाचारदाता

काठमाडौँ, ७ पुस । प्रतिनिधि सभा सदस्य निर्वाचन समयमै हुनेमा नागरिक अगुवाहरुले आशंक व्यक्त गरेका छन् ।

सिंहदरबारमा प्रधानमन्त्री सुशीला कार्कीले आह्वान गर्नुभएको सर्वपक्षीय वार्ताका क्रममा आफ्ना धारणा राख्दै नागरिक अगुवाहरुले यस्तो आशंक व्यक्त गरेका हुन् ।

फागुन २१ गतेका लागि अन्तरिम सरकारले निर्वाचनको मिति तोकेको छ । तर समयमै निर्वाचन हुने कुरा जटिल रहेको उनीहरुले बताए । नागरिक अगुवा सूर्यप्रसाद श्रेष्ठले आन्दोलनले नयाँ सरकार बनाएको र सरकारको आफ्नो उत्तरदायित्व भएको बताउनुभयो ।



सरकारलाई बाहिरि हस्तक्षेप भएको खण्डमा र सरकारले निर्वाचन आयोगमा हस्तक्षेप गरेको खण्डमा देशले समयमा निकास नपाउने बताउनुभयो । सरकारले तोकेको अवधिभित्र निर्वाचन सम्भव नहुने उहाँले बताउनुभयो । सरकारको काम राजनीतिक परिचालन, समन्वय, सबैलाई सहभागी गराउने र सन्त्रासको वातावरणबाट उन्मुक्ति दिने हुनुपर्ने बताउनुभयो ।


नागरिक अगुवा माधवप्रसाद पौडेलले निर्धारित अवधिभित्रै विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलन गरेको खण्डमा पनि मतदान केन्द्र कहाँ राख्ने भन्ने दुविधा रहेको बताउनुभयो । मतदान केन्द्र राजदुतावासमा राख्ने वा त्यस भन्दा बाहिर राख्ने भन्ने प्रश्न रहेको बताउनुभयो । अन्तर प्रदेश मतदानका लागि सुरक्षा चुनौति रहेको बताउनुभयो ।

एक सय ६५ स्थानमै निर्धारित अवधिभित्र निर्वाचन सम्भव नरहेको उहाँको भनाइ छ । पुर्वमन्त्रीसमेत रहीसक्नुभएको पौडेलले अन्तरिम सरकारले गरेको निर्वाचन सर्वस्वीकार्य हुन नसके त्यसको परिणाम राम्रो नहुने बताउनुभयो । सम्भव नभएका कामहरु अघि सार्नेकुराले स्टन्टबाजी मात्रै हुने र समयमै निर्वाचन गर्नतिर सरकार लागेको छ भन्नेकुरामा नै प्रश्न उठ्ने बताउनुभयो ।

## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताका आधारमा कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा, एजेन्सीको शुल्क खुलेको बिलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं ।
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।
- विज्ञापन व्यवसायलाई मर्यादित तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# जेनजी आन्दोलनपछि दलहरूको परीक्षा

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले नेपाली राजनीतिलाई गहिरो रूपमा हल्लाइदिएको छ । यो आन्दोलन केवल युवा आक्रोशको क्षणिक अभिव्यक्ति थिएन, बरु स्थापित राजनीतिक दलहरूको चरित्र, नेतृत्व र कार्यशैलीमाथि उठाइएको कठोर प्रश्न थियो । यही आन्दोलनको पृष्ठभूमिमा सम्पन्न नेकपा एमालेको एघारौँ महाधिवेशनलाई सामान्य संगठनात्मक प्रक्रियाका रूपमा बुझ्नु गलत हुन्छ । यो महाधिवेशन जेनजी आन्दोलनपछिको पहिलो ठूलो राजनीतिक परीक्षा थियो, जहाँ एमालेले आलोचना स्वीकार्दै केही सुधारको संकेत दिन खोज्यो ।

महाधिवेशनले युवालाई समेट्ने प्रयास गरेको देखिए पनि नेतृत्व तहमा भने निरन्तरताकै राजनीति हावी रह्यो । केपी शर्मा ओलीको पुनः निर्वाचित अध्यक्ष पदले एमालेमा परिवर्तनभन्दा शक्ति सन्तुलन र नियन्त्रणलाई प्राथमिकता दिइएको सन्देश दिएको छ । युवाको अनिवार्य प्रतिनिधित्वजस्ता निर्णय सकारात्मक भए पनि ती संरचनागत सुधारभन्दा दबाबको परिणाम बढी देखिन्छन् । वास्तविक प्रश्न भनेको–यी युवाले निर्णय प्रक्रियामा कति प्रभाव राख्न सक्छन् भन्ने हो ।

जेनजी आन्दोलनको तरंग एमालेमा मात्र सीमित रहेन । नेपाली कांग्रेस, माओवादी केन्द्र र अन्य दलहरूमा देखिएको हलचलले आन्दोलनले सिर्जना गरेको दबाबलाई पुष्टि गर्छ । तर अधिकांश दलमा नेतृत्व हस्तान्तरणको इच्छाशक्ति अझै कमजोर छ । दशकौंदेखि एउटै अनुहारहरू हावी रहनु जनआकांक्षासँग मेल खाँदैन ।

यस सन्दर्भमा जेनजी आन्दोलनले दिएको मूल सन्देश स्पष्ट छ–सुशासन, उत्तरदायित्व र पुस्तान्तरण अब विकल्प होइन, बाध्यता हो । दलहरूले यसलाई केवल व्यवस्थापन गर्ने विषय ठाने भने आगामी निर्वाचनले कठोर निर्णय सुनाउन सक्छ । जनमतलाई बेवास्ता गर्ने राजनीतिले दीर्घकालीन भविष्य सुरक्षित गर्न सक्दैन ।

# इतिहासदेखि वर्तमानसम्मको अन्याय



चन्देश्वर सादा

नेपालको इतिहास केवल राजाहरूको विजयगाथा, शासन परिवर्तन वा राजनीतिक आन्दोलनहरूको क्रमिक विवरण मात्र होइन । यो इतिहास समानान्तर रूपमा बहिष्करण, विभेद र उत्पीडनको मौन कथा पनि हो । राज्य निर्माणको प्रक्रियादेखि वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा पनि केही समुदायहरू सधैं शक्ति, स्रोत र अवसरको केन्द्रबाट बाहिरै राखिएका छन् । यो संयोग होइन, बरु योजनाबद्ध र संस्थागत ऐतिहासिक अन्यायको परिणाम हो ।

नेपालमा जातीय विभेद, अस्पृश्यता, लैङ्गिक असमानता, क्षेत्रीय उपेक्षा र सांस्कृतिक दमन केवल सामाजिक व्यवहारका सीमित समस्या थिएनन् । तिनलाई राज्यसत्ताले नै कानूनी, प्रशासनिक र सांस्कृतिक रूपले संरक्षण र निरन्तरता दियो । दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, महिला, अन्य पिछडावर्ग र अल्पसङ्ख्यक समुदायहरू शताब्दीयौँसम्म राज्य संरचनाबाट बहिष्कृत भए । यस बहिष्करणले उनीहरूको राजनीतिक सहभागिता, आर्थिक पहुँच, शिक्षा, स्वास्थ्य र सम्मानजनक जीवनको सम्भावनालाई निरन्तर कुण्ठित गर्‍यो ।

शाह शासनकालसँगै सुरु भएको केन्द्रिकृत राज्य निर्माणले बहुल नेपाली समाजलाई एकरूप बनाउन खोज्यो । पृथ्वीनारायण शाहद्वारा प्रवर्द्धित हिन्दू धर्म र खस-नेपाली भाषालाई राष्ट्रिय पहिचानको आधार बनाइँदा अन्य धर्म, भाषा र संस्कृतिहरू राज्यद्वारा नै दोस्रो दर्जामा राखिए । यस प्रक्रियाले विविधतालाई शक्ति होइन, समस्या ठान्ने मानसिकता जन्मायो । राजनीति जनताको सहभागिताभन्दा राजाको इच्छामा केन्द्रित रह्यो । लोकतान्त्रिक अभ्यासको अभावले आम जनतालाई राज्यको स्वामित्वबाट टाढा राख्यो ।

नेपालको इतिहास सत्ता निर्माणसँगै बहिष्करण र संरचनागत अन्यायको निरन्तरताको कथा हो । शाह, राणा र पञ्चायतकालदेखि दलित, आदिवासी जनजाति, मधेशी, थारू, महिला, मुस्लिम, अन्य पिछडावर्ग र अल्पसङ्ख्यक समुदायहरू राजनीतिक शक्ति, आर्थिक स्रोत र सामाजिक अवसरबाट वञ्चित हुँदै आएका छन् । जातीय विभेद, अस्पृश्यता, लैङ्गिक असमानता, भूमि शोषण र क्षेत्रीय उपेक्षालाई राज्यले नै संस्थागत बनाएको देखिन्छ । संविधान २०७२ ले समानताको प्रत्याभूति गरे पनि व्यवहारमा प्रभुत्वशाली वर्गको वर्चस्व कायमै छ । त्यसैले ऐतिहासिक अन्याय आज पनि लोकतान्त्रिक चुनौतीका रूपमा विद्यमान छ ।

राणा शासनले यस बहिष्करणलाई अझ कठोर र संरचित बनायो । जातीय र वर्गीय विभाजन शासनको औजार बन्यो । सत्ता, शिक्षा, प्रशासन र आर्थिक स्रोत सीमित परिवार र जातिमा केन्द्रित भए । भूमि व्यवस्था, बिर्ता र बेठबेगारी जस्ता प्रथाले किसानलाई शोषणको चक्रमा बाँध्यो । दलित, आदिवासी, थारू र गरिब समुदायहरूको श्रम र जीवन राज्यका लागि होइन, सत्ताधारीका सुविधाका लागि प्रयोग भयो । राजनीतिक अधिकार पूर्ण रूपमा निषेध गरियो ।

पञ्चायतकालीन निरङ्कुशताले पनि राज्य र नागरिकबीचको दूरी घटाउन सकेन । लोकतन्त्रको नामसमेत लिन नपाइने यो व्यवस्थाले समानता र समावेशीताको प्रश्नलाई ‘राष्ट्रिय एकता’ को बहानामा दबायो । मधेश, आदिवासी र सीमान्तकृत समुदायका आवाजलाई राष्ट्रविरोधी ठहर गरियो ।

यी संरचनात्मक अन्यायको सबैभन्दा गहिरो चोट महिलाहरूले भोगे । शिक्षा, सम्पत्ति र राजनीतिक अधिकारबाट वञ्चित महिलाहरू घरेलु र सामाजिक हिंसाको चक्रमा फसे । सती प्रथा, बालविवाह, दहेज र पितृसत्तात्मक मूल्यहरूले महिलाको जीवनलाई राज्यकै मौन समर्थनमा असुरक्षित बनायो । विशेषतः दलित र सीमान्तकृत महिलाहरू दोहोरो विभेदको सिकार भए ।

जातीय अस्पृश्यतालाई कानूनी मान्यता दिइनु नेपालकै इतिहासको सबैभन्दा अमानवीय अध्याय हो । जंगबहादुर राणाद्वारा लागू गरिएको कानूनी जाति व्यवस्थाले दलित समुदायलाई सामाजिक मात्र होइन, मानसिक रूपमा पनि दास बनायो । आज पनि यसको अवशेष हिंसा, अपमान र बहिष्करणका रूपमा देखिन्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि पनि प्रश्न उस्तै छ–के राज्यको चरित्र बदलिएको छ ? संविधान २०७२ ले समानता र समावेशीकरणको प्रत्याभूति गरे पनि व्यवहारमा सत्ता संरचना अझै प्रभुत्वशाली वर्गकै नियन्त्रणमा छ । संसद, सरकार र निर्णय प्रक्रियामा उच्च जाति-पहाडी वर्चस्व कायमै छ । सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व संख्या मात्र बढेको छ, प्रभावकारी सहभागिता अझै अपूरो छ ।

यसैले, नेपालको ऐतिहासिक अन्यायलाई केवल विगतको कथा ठान्नु आत्मछल हो । यो अन्याय आज पनि रूप बदलेर विद्यमान छ । जबसम्म राज्यले आफ्ना संरचनात्मक कमजोरी स्वीकार गर्दै शक्ति, स्रोत र अवसरको न्यायपूर्ण पुनर्वितरण गर्दैन, तबसम्म लोकतन्त्र औपचारिक मात्र रहनेछ । समावेशी न्याय इतिहासप्रति क्षमायाचनाबाट होइन, वर्तमानमा साहसी सुधारबाट सुरु हुन्छ । यही नेपालको लोकतान्त्रिक भविष्यको केन्द्रीय प्रश्न हो ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सबैतिरको आक्षेप सहने हामी अचानो होइनौं : प्रधानमन्त्री

दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्कीले आफूहरू सबैतिरको आलोचना खेप्ने अचानो नभएको बताएकी छन् ।

सोमबार सर्वपक्षीय बैठकलाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । उनले अन्तरिम सरकारमाथि अहिले जेनजी, राजनीतिक दलहरू सबैले प्रहार गरिरहेको बताइन्।

विगतमा भएका गल्ती र कमजोरीको आवेगमा गत भदौ २३ र २४ गतेको घटना भएको र त्यसको आवेग आफूहरूले सहिरहेको बताइन् ।

मुलुकको निम्ति अहिले आइरहेका आक्षेपहरू खेप्न आफूहरू तयार रहेको बताइन् । उनले राजनीतिक दल देशको लागि सर्वेसर्वा नभई सबैभन्दा पहिला जनता हुने बताइन् ।

राजनीतिक दलहरू जनताको सेवा गर्न बसेको उनको भनाइ छ । जनताले



खोजेको परिवर्तनका लागि राजनीतिक दलहरू पनि सच्चिन जरुरी रहेको बताइन् ।

उनले भनिन्,'यो देशको सर्वेसर्वा भनेको जनता जनार्दन हो । हामीले कुनै पनि राजनीतिक दलभित्र आफ्नो भागबण्डा मिलेन, आफूबिचमा मन मिलेन भने त्यसको नकारात्मक असर र प्रताडना जनतालाई दिनु हुँदैन । जनताको एउटा च्वाइसको कुरा हो । यहाँ सबैभन्दा ठुलो महान् भनेको जनता हो । राजनीतिक दलहरू भनेको दोस्रो कुरा हो । राजनीतिक दलहरू जनताको सेवा गर्न बसेको हो । जनता के चाहन्छन् ? अहिलेको भावना के हो ? भदौ २३ र २४ मा जुन किसिमको मुभमेण्ट भयो, हत्या र हिंसा भयो । नाबालकहरू मारिए । त्यसले जनतामा प्रभाव परेको छ । जेनजीले के खोजेको, युवापुस्ताले के खोजेको ? हामीले त विचार गर्नुपर्‍यो । मेरो गोरुको बाह्रै टक्का भनेर न हामी सफल हुन सक्छौं, न सफलताको मार्ग हो । जनताले परिवर्तन खोजेको छ भने पोल्टिकल पार्टीले पनि सच्चिनुपर्छ । मैले त के देखिरहेको छु भने, मैले भन्न नहुने हो, हामी त अचानो होइनौं नि । हिजो जे त्रुटि भए, जे गल्ती भए, जेको परिणामबाट २३ र २४ भयो, त्यो आवेगलाई हामी झेलिरहेका छौं । आज हामी आलोचनाको पात्र जेनजीबाट पनि भएका छौं, राजनीतिक दलबाट पनि भएका छौं । हामी अचानो त होइनौं । हामीले जे सहनुपरिरहेको छ, जे भोग्नुपरिरहेको छ, जुन किसिमको आक्षेपहरू खपिरहेका छौं, त्यो तयार छौं, किनभने मुलुकको निम्ति ।' प्रधानमन्त्री कार्कीले आफूहरू जेनजीका रगतमा ऐस आराम गर्न नआएको बताइन् ।विगतमा राजनीतिक दलहरूले मस्ती गरेको तर आफूहरूले केही ऐस आराम नगरेको उनको भनाइ छ ।

उनले सबै राजनीतिक दलहरू एकताबद्ध भएर शान्ति चाहने हो भने कुनै माइकलालले केही गर्न नसक्ने जिकिर गरिन् ।

# मानव अधिकार आयोग पुगेर मेयर बालेनले दिए बयान



दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । काठमाडौं महानगरपालिका मेयर बालेन शाहले राष्ट्रिय मानव अधिकार आयोग पुगेर बयान दिएका छन्।

सोमबार आयोग पुगेर मेयर शाहले भदौ २३ र २४ गतेको घटनाबारे बयान दिएका हुन्।

भदौ २३ र २४ गतेको घटनाबारे मानव अधिकार आयोगले पनि अनुसन्धान गरिरहेको छ।

त्यही क्रममा मेयर शाह बयानका लागि आएको आयोगको एक उच्च अधिकारीले सेतोपाटीलाई जानकारी दिए।

'घटना छानबिनबारे मेयर शाहलाई बोलाइएको थियो, आज आएर बयान दिनुभएको छ,' स्रोतले सेतोपाटीसँग भन्यो।

सामाजिक सञ्जालमा लेखिएका स्टाटसदेखि घटना अवधिका मेयर शाहको गतिविधिको बारेमा सोधपुछ गरेको आयोग स्रोतको भनाइ छ।आयोगका प्रवक्ता टीकाराम पोखरेलले भने जेन-जी आन्दोलनकोबारे अनुसन्धान अगाडि बढिरहेको बताएका छन्।

'आयोगले यसका लागि एउटा अनुसन्धान टिम बनाएको छ। उनीहरूले आवश्यकता अनुसार सबैलाई बोलाएर अनुसन्धान गरिरहेको छ,' उनले भने।

## फागुन २१......

उद्देश्यले विभिन्न कोणबाट चलखेल भइरहेको भन्दै यसले लोकतन्त्र र नागरिक अपेक्षाविपरीत अवस्था सिर्जना गर्ने समाजको धारणा पनि विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ।

समाजले घोषित मितिमै स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नुको विकल्प नरहेको उल्लेख गर्दै त्यसको प्रमुख दायित्व सरकारकै हुने स्पष्ट पारेको छ।

## आदिवास.....

उठाई नीति तथा कार्यक्रम निर्माणमा पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यस्तै मन्त्रालयका खेलकुद तथा युवा शाखा प्रमुख पर्शुराम कार्कीले वनजंगल र नदी( नालाको छेउछाउमा बसोबास गर्ने समुदायका लागि जलवायु परिवर्तनसम्बन्धी पूर्वसूचना र व्यवस्थापन गर्नु राज्यको दायित्व भएको बताउनुभयो ।

मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले मधेश प्रदेशमा अपाङ्गता भएका व्यक्ति र आदिवासी(जनजातिको यथार्थ तथ्यांक नहुनु दुःखद विषय भएको बताउनुभयो । उहाँले जलवायु परिवर्तनलाई मध्यनजर गर्दै यी समुदायका लागि छुट्टै नीति, कार्यक्रम र बजेट सुनिश्चित गर्नु आवश्यक रहेको धारणा राख्नुभयो ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रका प्रदेश संयोजक राजु पासमानले जलवायु परिवर्तनको असर अपाङ्गता भएका व्यक्ति र आदिवासी समुदायमाथि प्रत्यक्ष रूपमा परिरहेको उल्लेख गर्दै यसबाट बच्न र बचाउन संघ, प्रदेश र स्थानीय तहका सरकारले साझा जिम्मेवारी लिनुपर्ने बताए ।

राष्टि्रय अपाङ्ग महासंघ धनुषाका अध्यक्ष शत्रुधनलाल कर्णको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महिला अधिकारकर्मी जमुना भुजेल, कोक्यापका अर्जुन साह, कायापल्टका दिवाकर उप्रेति लगायतले आआफ्ना धारणा राखेका थिए ।

# 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली आवश्यक छ'

दैनिक समाचारदाता

राजविराज, ७ पुस । जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सचिव शैलेन्द्रप्रसाद साहले निर्वाचन लोकतन्त्रको आधारशिला भएको बताउँदै अब पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

उहाँले सोमबार आफ्नो धारणा सार्वजनिक गर्दै आवधिक, स्वच्छ र निष्पक्ष निर्वाचनबिनाको लोकतन्त्र बलियो हुन नसक्ने बताउनुभयो । आधुनिक लोकतान्त्रिक व्यवस्थामा सत्ताको वास्तविक स्रोत सम्प्रभु जनता भएको र जनताले आफ्नो मताधिकारमार्फत राज्यसत्ताको प्रयोग गर्ने उहाँले उल्लेख गर्नुभयो।

साहले हाल अपनाएको मिश्रित निर्वाचन प्रणालीमा रहेका गम्भीर कमजोरीहरूतर्फ ध्यानाकर्षण गराउँदै प्रत्यक्ष निर्वाचित प्रणाली अत्यन्त खर्चिलो भएको, अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व हुन नसक्ने अवस्था सिर्जना भएको बताउनुभयो। महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू तथा विपन्न वर्गको सहभागिता सहज नहुने, निर्वाचन क्षेत्र निर्धारणमा असमानता देखिने तथा साना दलहरूको अस्तित्व नै सङ्कटमा पर्ने समस्या रहेको उहाँको भनाइ छ।

त्यस्तै, समानुपातिक सूची प्रणालीमा समेत विभिन्न विकृति र विसङ्गति व्याप्त रहेको उल्लेख गर्दै उहाँले वर्तमान प्रणालीले समावेशी लोकतन्त्रको मर्म पूरा गर्न नसकेको धारणा



राख्नुभयो।उहाँका अनुसार यी सबै कमजोरीलाई सम्बोधन गर्न पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै नेपालको लोकतन्त्रलाई समावेशी, न्यायपूर्ण र सुदृढ बनाउने सही बाटो हो। विश्वका करिब ७२ मुलुकले समानुपातिक प्रतिनिधित्व प्रणाली अपनाइसकेको उल्लेख गर्दै साहले यस प्रणालीले सबै वर्ग-समुदायको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने बताउनुभयो।

पूर्ण समानुपातिक प्रणालीले महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू तथा अल्पसङ्ख्यक समुदायको सहभागिता बढाउने, मत खेर जाने सम्भावना घटाउने, निर्वाचन खर्च कम गर्ने तथा धाँधलीको सम्भावना न्यून गर्ने उहाँको दाबी छ। यसले समावेशी लोकतन्त्रको सिद्धान्तलाई व्यवहारमा उतार्न सहयोग पुग्ने पनि उहाँले बताउनुभयो।

सूचीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणालीमार्फत पिछडिएका क्षेत्र, वर्ग, समुदाय तथा विज्ञहरूको प्रतिनिधित्व सुनिश्चित हुने गरी स्पष्ट र बाध्यकारी कानुनी व्यवस्था आजको आवश्यकता भएको साहको जोड छ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली नै समावेशी, समान र सशक्त लोकतन्त्रको आधार भएको उल्लेख गर्दै उहाँले यसतर्फ राज्य र राजनीतिक दलहरू गम्भीर हुनुपर्ने आवश्यकता औँल्याउनुभएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२






# बंगलादेशमा हिन्दु युवकको हत्या विरुद्ध ज्ञापनपत्र

दैनिक समाचारदाता

सप्तरी, ७ पुस । विश्व हिन्दु परिषद नेपाल सप्तरीले धर्मद्रोहको अभियोगमा बंगलादेशमा हिन्दु युवक दिपुचन्द दासको निर्ममता पुर्वक हत्या गरिएको विरोधमा प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएका छन ।

हिन्दुवादी संगठन परिषदले विरोध प्रर्दशन सहित प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएका छन ।

सोमवार स्थानीय शिव मन्दिर प्रांगनबाट निस्केको जुलुश उक्त घटना विरुद्ध चर्को नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए । सो क्रममा सहभागीहरुले "क्रुर हत्यारालाई कारवाही गर्न पहल गर, मुस्लिम आयोग खारेज गर, धार्मिक स्वतन्त्रतामाथीको आक्रमण बन्द गर, कट्टरपन्थी तथा अतिवादी समुहको नेपालमा हुने अवैध प्रवेशमा कडाई गर" लगायतका नाराबाजी गरेका थिए ।




परिषदका जिल्ला अध्यक्ष केशव कुमार सिह तथा अगुवा जंग बहादुर सिंहको नेतृत्वमा निस्केको जुलुश नगर परिक्रममा पश्चात जिल्ला प्रशासन कार्यालय पुगी प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाएका छन ।

नौ बुंदे ज्ञापन पत्र मार्फत बंगलादेशमा भएको दिपुचन्द्र दासको निर्मम हत्याका सम्बन्धमा अन्तराष्ट्रिय निगरानी सहित छानवीन गराउन कुटनीतिक पहलका लागी सरकार संग माग गरिएको छ ।

यस्तै बंगलादेशमा रहेका हिन्दु अल्पसंख्यक समुदायको सुरक्षा, घटनाको विरोधमा सार्क, संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय मानव अधिकार आयोग सम्म ध्यानाकर्षणका लागी सरकारको तर्फबाट आवश्यक पहल गर्न, सिमा क्षेत्रमा सम्भावित घुस पैठलाई ध्यानमा राखी निगरानी, चेक जाँचमा कडाई र दोषीलाई कडा कारवाही लगायतका माग अघि सारीएको छ ।

दासलाई धर्मद्रोहको आरोप लगाउँद ३ दिन अघि बंगलादेशमा सयौंको संख्यामा रहेको भीडले डोरीले बाँधेर कुटपीट गरी हत्या र त्यस पछि भ्रुण्ड्याएर शवमा आगो लगाएका थिए । सयौं मानिसको उपस्थितीमा भएको यो अमानवीय र क्रुरतापुर्ण हत्या घटनाको अहिले विश्वभर नै विरोध भईरहेको छ ।

# ओली र देउवाबिच महाराजगन्जमा भेटवार्ता



दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबिच सोमबार भेटवार्ता भएको छ ।

महाराजगन्जमा दुई नेताबिच भेटवार्ता भएको ओलीको सचिवालयले जनाएको छ । भेटका क्रममा एमाले र कांग्रेसले सर्वोच्चमा लैजान लागेको मुद्दासहित समसामयिक राजनीतिक विषयमा छलफल भएको बताइएको छ ।

एमाले र कांग्रेसका सांसदले संयुक्त रुपमा प्रतिनिधिसभा पुनर्स्थापनाको मागसहित सर्वोच्चमा रिट लैजाने अन्तिम तयारी गरिरहेका छन् ।

# पूर्वराष्ट्रपति भण्डारीको टिप्पणीले राजनीति ततायो



दैनिक समाचारदाता

काठमाडौं, ७ पुस । पूर्वराष्ट्पति विद्यादेवी भण्डारीले पूर्वराजा ज्ञानेन्द्र शाहबारे गरेको टिप्पणीले राजनीति गर्माएको छ ।

नेकपा एमालेले पार्टी सदस्यता नवीकरणलाई मान्यता नदिएपछि भण्डारी राजनीतिबाट किनारमा छिन् । भर्खरै सकिएको ११औं महाधिवेशनमा उनले मद्दत गरेको ईश्वर पोखरेल समूह पराजित भएपछि तत्काल एमाले फर्किने सम्भावना टुंगिएकी भण्डारीले पूर्वराजाप्रति सम्मानभाव व्यक्त गर्दै ज्ञानेन्द्रले 'जनताको नासो जनतालाई बुझाउँदै राजगद्दी त्यागेको' बताएकी हुन् ।

गद्दी त्यागे पनि राष्ट्रको मायाले मुलुक नछाडेको प्रतिक्रिया दिँदै भण्डारीले राजनीति यस्तै तरल रहने हो भने राजसंस्था फर्कन सक्ने धारणा राखेकी थिइन् ।

'अब राजनीतिमा कुनै कुराको सम्भावनै छैन त भन्न सकिँदैन, समय र परिस्थितिको खेल हो,' उनले पत्रकार ऋषि धमलासँगको अन्तर्वार्तामा पूर्वराजाबारे प्रतिक्रिया दिँदै भनेकी थिइन्, 'देश यस्तै तरल अवस्थामा रहिरह्यो भने फर्किन सक्दैन भन्न सकिँदैन।'

धमलाले उनलाई पुनः जोड दिएर सोधेका थिए, 'त्यसो भए पूर्वराजा ज्ञानेन्द्र शाह राजा बन्न सक्नुहुन्छ ?'

जबाफ फर्काउँदै पूर्वराष्ट्रपति भण्डारीले भनिन्, 'अब राजसंस्था पुनर्स्थापना भएको खण्डमा अवश्य पनि ।'

धमलाले प्रसंग बिट नमारी पुनः सोधेका थिए, 'राजसंस्था पुनर्स्थापना भयो भने पूर्वराजा ज्ञानेन्द्र शाह राजा बन्नुहुन्छ ?'

उक्त प्रश्नमा भण्डारीले संक्षेपमा भनिन्, 'बन्न सक्नुहुन्छ ।'

भण्डारीले उक्त अन्तर्वार्तामा ज्ञानेन्द्रले पूर्वराजाका रूपमा आफूले चिनेको र व्यक्तिका रूपमा टिप्पणी गर्न नचाहेको बताएकी थिइन् ।

कुराकानीकै क्रममा उनले पूर्वराजालाई 'नेपालका राजा, राजपरिवारको वरिष्ठ सदस्य, एकीकरणको नेतृत्वकर्ता र राष्ट्र निर्माता पृथ्वीनारायण शाहको सन्तति भएकाले पनि आफ्नो सम्मान रहेको' बताइन् ।

भण्डारीले अगाडि थप भनेकी छन्, 'देश अस्थिर भइरह्यो, पार्टीहरूले सम्मान गर्न सकेनन् भने त कमान्ड कसै न कसैले गर्नुपर्‍यो । नेपालका विभिन्न शक्तिकेन्द्रमध्ये एउटा शक्तिकेन्द्र पूर्वराजसंस्था पनि त हो नि ।'

भण्डारीले शनिबार दिएको यो अन्तर्वार्ता अहिले राजनीतिक वृत्तमा चर्चामा छ ।

उनको अभिव्यक्ति यस कारण पनि चर्चामा छ, किनभने राजतन्त्र ढलेपछि स्थापना भएको गणतन्त्र नेपालका उनी दोस्रो राष्ट्रपति हुन्, त्यो पनि दुई(दुई पटक ।

संघीय लोकतान्त्रिक गणतन्त्रका मुख्य संरक्षकको ओहोदामा पुगिसकेका व्यक्तिबाटै गणतन्त्रमाथि आँच आउने गरी अभिव्यक्ति दिइएको भन्दै अहिले टिप्पणी भइरहेको छ।

एमालेका केही भण्डारी पक्षधर नेताहरूले उनले उक्त प्रश्नको कुनै जबाफ नदिएको भए उत्तम हुन्थ्यो भन्ने आसय व्यक्त गरेका छन्।

कोही भने प्रतिरक्षामा ओर्लिएका छन्। एमाले काठमाडौं अध्यक्ष दीपक निरौलाले पूर्वराष्ट्रपतिको सन्दर्भवश् उठेको प्रश्नको उत्तरमा कुतर्क गर्न खोजिएको प्रतिक्रिया दिएका छन्। भर्खरै महाधिवेशनमा केन्द्रीय सदस्यमा पराजित सरिता न्यौपानेले पनि अन्तर्वार्ता पूरै सुनेर प्रतिक्रिया दिन आग्रह गरेकी छन्।

संस्थापन पक्षका एक नेता भने पूर्वराष्ट्रपतिले नै राजसंस्था फर्कन सक्छ भन्नु व्यवस्थाप्रति उनको विश्वास डगमगाएको रूपमा बुझ्नुपर्ने धारणा राख्छन्।

'पूर्वराष्ट्रपतिले राजसंस्था फर्कन्छ भन्नु सामान्य होइन । मैले पूरा अन्तर्वार्ता दोहोर्‍याइ(तेहेर्‍याइ सुनें । उहाँले सामान्य हिसाबले त्यो कुरा भन्नुभएको छैन,' एमालेका ती नेताले भने ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता रवीन्द्र मिश्रले भने उत्साहित हुँदै भण्डारीको उक्त अन्तर्वार्ता सेयर मात्र गरेनन्, टिप्पणी पनि गरेका छन् ।

'जसरी गद्दी त्याग्नुभयो, मेरो सम्मान छ । देशभक्त हुनुहुन्छ । उहाँ देशको एउटा शक्तिकेन्द्र हो । राजनीति तरल रह्यो भने उहाँ आउन सक्नुहुन्छ । कमान्ड सम्हाल्ने कोही त चाहियो,' भण्डारीको अन्तर्वार्ता उद्धृत गर्दै मिश्रले लेखेका छन्, 'अब अर्थ आफै बुझ्नोस् । राजनीति डुब्न लागेको भ्रमबाट निस्कन धेरै मान्छेलाई गाह्रै हुन्छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले यो पटक राम्रै प्रयास गर्नुभयो ।'

भण्डारीको अन्तर्वार्ताबारे एमालेवृत्त पनि गर्माएको छ। यद्यपि धेरै नेताले प्रतिक्रिया दिइसकेका छैनन्।

पूर्वउपमहासचिव प्रदीप ज्ञवालीले सामाजिक सञ्जालमा सोमबार एउटा पोस्ट गरेका छन्। उनले शनिबार ईश्वर पोखरेल समूहले कार्की बैंक्वेटमा गरेको धन्यवाद भेलाबारे टिप्पणी गर्दै त्यसैमा 'हिजो अस्तिका दुई दृश्यले आँखा बिझाएको' बताएका छन्।

पूर्वराष्ट्रपति भण्डारीले पूर्वराजाबारे दिएको अभिव्यक्तिलाई ज्ञवालीले 'आफै उभिएको धरातलप्रति विश्वास धरमराएको' संज्ञा दिएका छन्।

उनले भनेका छन्, 'पूर्वराष्ट्रपतिज्यूले राजतन्त्र पुनर्स्थापना हुन सक्छ भनेर दिएको अभिव्यक्ति सुन्दा उदेक लाग्यो। आफै उभिएको धरातलप्रतिको विश्वास किन धरमराएको होला?'

यसबारे हामीले एमालेका पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेलाई पनि सोध्यौं। उनले पूर्वराष्ट्रपति भण्डारीको अभिव्यक्तिबारे धेरै बुझ्न नपाएको प्रतिक्रिया दिए।

'पूर्वराष्ट्रपतिले के सूचना र तथ्यमा आधारित भएर अभिव्यक्ति दिनुभएको हो, मैले कुरा गर्न पाएको छैन। सुनेको पनि छैन,' उनले भने, 'एउटाले बोलेको सन्दर्भमा अर्कोले प्रतिक्रिया दिनु त्यति राम्रो कुरा पनि होइन।'

# जेनजी समूह 'गरिखान देऊ' को आजपनि आन्दोलन



दैनिक समाचारदाता

जनकपुरधाम, ७ पुस । मिराज ढुंगाना नेतृत्वको जेनजी समूह 'गरिखान देऊ' ले आज सोमबार माइतीघर मण्डलमा आयोजना गरेको प्रदर्शन स्थगित गरेको छ।

उनीहरूले सोमबार बिहान ११ बजेदेखि माइतीघर मण्डलमा प्रदर्शन गरिरहेका थिए।


यसबीच प्रहरीले हस्तक्षेप गरेको र केही साथीहरूलाई पक्राउ गरेर लगेको भन्दै आजको कार्यक्रम स्थगित गरिएको आयोजक समूहका सदस्य प्रकाश शर्माले जानकारी दिए। उनका अनुसार यो प्रदर्शन मंगलबार बिहान ११ बजे माइतीघर मण्डलमा फेरि आयोजना गरिनेछ।

'गरिखान देऊ' ले विभिन्न ७ वटा माग राखेर प्रदर्शन गरेको हो। प्रदर्शनमा ढुंगानासमेत सहभागी थिए।

यो समूहले अहिलेसम्मका सबै भ्रष्टाचार प्रकरण छानबिन गर्नुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको निर्वाचन गर्नुपर्ने, विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकारको व्यवस्था गर्नुपर्ने, जेनजी विद्रोहलाई तत्काल राजनीतिक आन्दोलन घोषणा गर्नुपर्ने, सहिद परिवार र घाइतेको उचित व्यवस्थापन गर्नुपर्ने, भदौ २३ र २४ गते भएका घटनाको दोषीलाई कारबाही गर्नुपर्ने र प्रदेश सरकार पुनर्संरचना गर्नुपर्ने माग राखेको छ।

प्रदर्शनका लागि युवाहरू माइतीघर पुगेपछि त्यहाँ तैनाथ प्रहरीले अनुमति नभएकाहरूलाई प्रदर्शन नगर्न आग्रह गर्दै माइकिङ गरेको थियो।

अब अनलाइनबाट बुकिङ्गको सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि

www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४